वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल

प.सं. : २०७६।०७७
च.नं.: ९८९

मिति : २०७६।१२।२४

विषय : संकट व्यवस्थापन केन्द्र स्थापना गरिएको सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय
दिक्तेल, खोटाङ।

उपर्युक्त विषयमा तहाँ कार्यालयको प.सं. ०७६।०७७ च.नं. २०२४ मिति २०७६।१२।२१ को पत्रसाथ संलग्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबार, काठमाण्डौंको च.नं. प्र-३११-५८२५ मिति २०७६।१२।२० र गृह मन्त्रालयको च.नं. ३४८४ मिति २०७६।१२।२० को पत्रमा उल्लेख भएनुसार यस गाउँपालिकामा कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मक रुपमा गर्नका लागि आज मिति २०७६।१२।२४ गते गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा बसेको बैठकबाट गाउँपालिकास्तरीय संकट व्यवस्थापन केन्द्र स्थापना गर्ने निर्णय भएनुसार आज मिति २०७६।१२।२४ गते गाउँपालिकास्तरीय संकट व्यवस्थापन केन्द्र (Crisis Management Center) स्थापना गरी संचालन गरिएको व्यहोरा अवगत गराउँदछु। सो बैठकबाट भएका निर्णयको छायाँकपी पाना -४ (चार) यसै साथ संलग्न राखी जानकारी एवं आवश्यक व्यवस्थाको लागि पठाईएको व्यहोरा अनुरोध छ।

.........................
बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

- गृह मन्त्रालय (राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र)
  सिंहदरवार, काठमाण्डौं।
- श्री जिल्ला समन्वय समितिको कार्यालय
  दिक्तेल, खोटाङ।

आज मिति २०७६।१२।२४ गते सोमबार अपरान्ह १२:२५ बजे यस वराहपोखरी गाउँपालिका खोटाङका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा निम्न पदाधिकारीको उपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रीपरीषद्को कार्यालय सिंहरबार, काठमाण्डौंको च.नं. प्र. ३११-५८२५ मिति २०७६।१२।२० को पत्रमा उल्लेख भएनुसार यस गाउँपालिका क्षेत्र भित्र कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढंगले गर्ने संयन्त्र स्थापना गरी संचालन गर्न बैठक बसी निम्नानुसार छलफल एवं निर्णय गरियो ।

उपस्थित

| सि नं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री बसन्त न्यौपाने | |
| ३ | वरिष्ट अ.हे.व. (छैठौं तह) | श्री शत्रुधन प्रसाद सेठ | |
| ४ | प्रहरी सहायक निरीक्षक | श्री उमेश कुमार चौधरी | |

आमन्त्रित

| सि नं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष | श्री गोमा मगर | |
| २ | वडा अध्यक्ष | श्री फौदराज राई | |
| ३ | प्रशासन सहायक | श्री रमेश पोखरेल | |
| ४ | यु.कृ.प्र. | श्री युजिब तामाङ | |
| ५ | | | |

प्रस्तावहरु

१. संकट व्यवस्थापन केन्द्र स्थापना र संचालन गर्ने सम्बन्धमा
२. चमेरे पुल र कम्पुघाट पूलबाट हुने आवागमन नियन्त्रण गर्ने सम्बन्धमा
३. विदेशबाट भित्रिएका र अन्य जिल्ला/स्थानीय तहबाट गाउँपालिका क्षेत्र भित्र प्रवेश गरेको व्यक्तिहरुको लगत तयार गर्ने सम्बन्धमा
४. इन्धन, खाद्यान्न र औषधिको व्यवस्थापन गर्ने सम्बन्धमा
५. स्वास्थ्यकर्मीलाई पी.पी.ई. वितरण सम्बन्धमा
६. विविध ।

निर्णयहरु

निर्णय नं. १:

प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाण्डौको च० नं० प्र० ३११-८०८८ मिति २०७६।१२।२० को पत्रसाथ संलग्न कार्यादेश मा उल्लेख भए अनुसार विश्वव्यापि महामारिको रुपमा फैलिरहेको COVID 19 संक्रमणको रोग थाम, नियन्त्रण तथा रोगथाम, उपचार नगरए तका कार्यहरु प्रभावकारी रुपमा गर्न निम्न अनुसारका पदाधिकारीहरु रहेको संकट व्यवस्था पन मर्न केन्द्र (Crisis Management out center) आज मिति २०७६ साल चैत्र २८ गते स्थापना गरी सँचालन गर्ने निर्णय गरियो।

पालिका स्तरीय संरचना रहने पदाधिकारीहरु

१. गाउपालिका अध्यक्ष - श्री शालिकराम बन्जारा
२. प्रमुख प्रशासकिय अधिकृत - श्री बसन्त न्यौपाने
३. स्वा. संयोजक व. अ. हे. व. श्री शत्रुधन प्रसाद सेठ
४. प्रहरी सहायक निरिक्षक - श्री उमेश कुमार चौधरी हुम्नाजोर प्रहरी चौकि बराहपोखरी-८ घर्तुङ

निर्णय नं. २:

यस गाउपालिकाको वडा नं. ४ मा रहेको कम्पु घाटमा २ जना सुरक्षा कर्मि खटि आवगमनमा नियन्त्रणको लागि सुरक्षा व्यवस्था भै रहेको तर वडा नं. ५ मा रहेको चमेरे पुलमा उदयपुर र यस गाउपालिका अन्तरबाट दोहोरो आवतजावत - भै रहेकोले सो कार्य लाई नियन्त्रण गरी कोभिड -१९ को रोकथाम र नियन्त्रणमा सतर्कता अपनाउन चमेरे पुलमा २ दुई जना सुरक्षा कर्मी हुलाको

प्रहरी कार्यालय चिसापानि, जन्तेढुंगाबाट रव टाई पठाइदिने जिल्ला प्रशासन कार्यालय दिक्तेल खोटाङमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३:

जिल्ला स्वास्थ्य कार्यालय खोटाङ दिक्तेल सँग खरिद गरि प्राप्त भएको ३ (तिन) वटा PPE सेट र प्रदेश मार्फत प्राप्त भएको २ सेट PPE गरी हाल कार्यालयमा ५ (पाँच) थान PPE सेट प्राप्त भएकोले सो PPE निम्न अनुसार वितरण गर्ने निर्णय गरियो ।

तपशिल:

१. थालढाङ हेल्थ डेस्क - १ एक
२. बँखिला हेल्थ डेस्क - १ एक
३. आम्बावाला हेल्थ डेस्क - १ एक
४. कम्पुघाट हेल्थ डेस्क - १ एक
५. क्वारेन्टाईन - १ एक

निर्णय नं. ४:

२०७६ साल चैत्र १ गतेका दिन बाट विदेशबाट र अन्य जिल्लाबाट सम्बन्धित स्थानीय तहबाट यस गाउपालिका अंतर्गत प्रवेश गरेको व्यक्तिहरुको नाम, ठेगाना, स्वास्थ्य अवस्था र मोबाईल नं. समेतको लागत संकलन गरी पेश गर्न यस गाउपालिकाका ६ वटै वडा कार्यालय ले ~~यस गाउपालिकामा~~ [illegible] वडा कार्यालयले आफ्नो वडामा रहेका ५ (पाँच) जना स्वास्थ्य महिला स्वयं सेविकालाई आ-आफ्नो वडामा परिचालन गर्ने ~~यस~~ अनुरोध गर्ने गाउपालिकामा दैनिक रिपोर्ट पेश गर्ने निर्णय गरियो ।

[signatures]

निर्णय नं. ५:

यस गाउँपालिका भित्र आवश्यक पर्ने ईन्धन, खाद्यान्न र औषधीहरुको व्यवस्थापन तथा आपुर्ति गर्नका लागि सुरक्षा निकाय तथा स्थानीय व्यापारीहरु संग समझदारी गरी सहज आपुर्ति गर्नका लागि समन्वय गर्ने निर्णय गरियो।

निर्णय नं. ६:

विश्व व्यापि रुपमा फैलिएको कोरना भाइरस (COVID 19) को रोगथाम सम्बन्धी तथा यस बाट उत्पन्न हुने संकट व्यवस्थापन गर्न अनुगमन गर्ने निर्णय गरियो।